# गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान
# गण्डकी प्रदेश, पोखरा

## विज्ञान प्रविधि सँग सम्बन्धित विषयमा ईन्टर्नसिपका लागि
## दरखास्त पेश गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति: २०७९/०४/१३)

यस प्रतिष्ठानको चालु आ .व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनूसार विज्ञान तथा प्रविधि क्षेत्र सँग सम्बन्धित विषयमा इन्टर्नशिप (अध्ययन/सर्वेक्षण/अनुसन्धान) कार्यक्रम रहेकोले विज्ञान तथा प्रविधि विषय अध्ययापन हुने शैक्षिक संस्थामा अध्ययनरत (कम्तिमा सम्बन्धित विषयमा स्नातक तह चौंथो वर्षमा curriculum अनुसारको अध्ययन पूरा गरि शोधपत्र पेश गरी नतिजाको प्रतिक्षामा रहेका ) वा स्नातक तह पुरा गरेको २ वर्ष ननाघेका विद्यार्थीहरुलाई अधिकतम ६ महिना ईन्टर्नशिप प्रदान गरिने भएकाले आवश्यक कागजातसहित यो सूचना प्रकाशन भएको मितिले १०(दश) दिनभित्र यस प्रतिष्ठानमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु :</u>

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि -एक प्रति ।

(ख) शैक्षिक योग्यताको प्रमाणपत्र र लाब्धांक पत्र ।

(ग) अध्ययन संस्थाको सिफारिस पत्र ।

(घ) विद्यार्थीले काम गर्न ईच्छाईएको आवश्यक विषयक्षेत्रहरु मध्य कुनै एक मात्र अनिवार्य रुपमा खुलाउनु पर्ने ।

आवश्यक विषय क्षेत्रहरु :

| S.No | Area of Internship | Academic Field |
|---|---|---|
| 1 | IT | Computer Engineering or equivalent |
| 2 | Laboratory | Chemistry-Biology related subjects (Analytical Chemistry, Biochemistry, BMLT, Pharmaceutical Sciences, or equivalent) |
| 3 | Science Policy | Open to all science and technology related subjects |
| 4 | Scientific Writing | Open to all science and technology related subjects |

(ङ) उत्प्रेरणा पत्र । (Motivation Letter) (Max 1 Page)

(च) स्थाई बसोबास खुलेको कागजात (नागरिकता/बसाईसराई/ विवाह दर्ताको प्रमाणपत्र वा अन्य स्थाई ठेगाना खुलेको कागजात)

उपरोक्त बमोजिमका कागजातहरुको क्रमागत रुपमा **Single PDF** फायल तयार गरि पठाउनु पर्नेछ ।

प्राप्त दरखास्तहरुको छनौट तथा सेवा सुविधा सम्बन्धी व्यवश्था स्वीकृत ''इन्टर्न छनौट सम्बन्धी मापदण्ड, २०७८'' बमोजिम हुनेछ।

अन्तर्वार्ता तथा छनौट सम्बन्धी अन्य सूचना दरखास्त मिति समाप्त भएपछि प्रतिष्ठानको Website http://gpast.gandaki.gov.np/notice मा प्रकाशित गरिनेछ।

थप जानकारीको लागि info.gpast@gandaki.gov.np मा सम्पर्क गर्न सकिनेछ।

# इन्टर्न छनौट सम्बन्धी मापदण्ड, २०७८

GPAST

**गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान**

**पोखरा**

## इन्टर्न छनौट सम्बन्धी मापदण्ड, २०७८

**प्रस्तावना** : गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानमा खुला प्रतिस्पर्धाबाट इन्टर्न छनौट सम्बन्धी प्रक्रिया, मापदण्ड एवं मूल्यांकनका आधारहरु तय गर्न आवश्यक भएकोले, यो मापदण्ड बनाइएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम "इन्टर्न छनौट सम्बन्धी मापदण्ड २०७८" रहेको छ।

(२) यो मापदण्ड गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) "इन्टर्न" भन्नाले विज्ञान तथा प्रविधिको क्षेत्रमा तोकिएको योग्यता पुगेको र क्षमता भएको जनशक्ति सम्झनु पर्छ।

(ख) "इन्टर्नशिप" इन्टर्नले सम्पन्न गर्ने कार्यविवरण बमोजिमको भूमिका सम्झनु पर्छ।

(ग) "प्रतिष्ठान" भन्नाले गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान सम्झनुपर्छ।

(घ) “मन्त्रालय” भन्नाले गण्डकी प्रदेश सरकारको गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(ङ) "विज्ञ" भन्नाले प्राविधिक कर्मचारी छनौट गर्नका लागि मूल्यांकन गर्ने कार्यमा संलग्न विषयगत दक्षता भएको व्यक्ति सम्झनु पर्छ।

(च) "समिति" भन्नाले इन्टर्न छनौटका लागि दफा ६ बमोजिम गठित सिफारिस समिति सम्झनु पर्छ।

(छ) "सुपरिवेक्षक" भन्नाले इन्टर्नलाई सुपरिवेक्षण गर्ने प्रयोजनका लागि प्रतिष्ठानले तोकेको कम्तिमा स्नातक तह उत्तीर्ण गरेको प्रतिष्ठानको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ।

**३. माग संकलन र पद सङ्ख्या निर्धारण :** माग संकलन र पद निर्धारण कार्यबोझ तथा उपलब्ध बजेटका आधारमा गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानले गर्नेछ। विषयगत रुपमा ईन्टर्न आवश्यक रहेको अवश्थामा सम्बन्धित विषयमा अध्यापन हुने प्रदेश भित्रका शैक्षिक संस्थाबाट उत्कृष्टताका आधारमा शिफारिस भई आएका विद्यार्थीहरु बिचमात्र प्रतिस्पर्धा हुने गरि संख्या निर्धारण गर्न सक्नेछ। यसरी माग गरिएको संख्या आवश्यक कुल पद संख्याको पचास प्रतिशत भन्दा बढी हुनेछैन। पद संख्या निर्धारण गर्दा कम्तिमा एक तिहाई संख्या महिला कोटा निर्धारण हुनुपर्नेछ।

**४. इन्टर्न परिचालन सम्बन्धी व्यवस्था:** (१) विद्यार्थीहरुलाई विज्ञानका क्षेत्रमा कार्यअनुभव गराउन तथा प्रतिष्ठानको दैनिक प्रशासनिक काम सरलीकृत गर्न शैक्षिक निकायमा कम्तिमा स्नातक तह चौथो (अन्तिम) वर्ष अध्ययन गरिरहेका वा स्नातक तह पुरा गरेको २ वर्ष ननाघेका विद्यार्थीहरुलाई इन्टर्नशिपमा लिई कामकाज गराउन सक्नेछ।

(२) इन्टर्न छनौटका लागि प्रतिष्ठानले विश्वविद्यालय, अध्ययन संस्थान तथा प्रदेश सरकारका निकायहरुसँग आवश्यक्ता अनुसार समन्वय गर्न सक्नेछ।

(३) एक पटक प्रतिष्ठानमा ईन्टर्नशिप गरेका विद्यार्थीलाई पुन: इन्टर्नमा छनौट गरिने छैन।

(४) इन्टर्नको कार्यविवरण प्रतिष्ठानले तोके बमोजिम हुनेछ। इन्टर्नले कार्यकारी निर्देशक तथा सुपरिवेक्षकले तोके बमोजिमको प्रशासनिक तथा अनुसन्धान सम्बन्धी कार्य सम्पादन गर्नुपर्नेछ।

(५) इन्टर्नले प्रत्यक हप्ता कार्यविवरण बमोजिम सम्पन्न गरेका कार्यहरुको प्रस्तुतीकरण निर्देशक समक्ष गर्नुपर्नेछ।

(६) इन्टर्नले मासिक रुपमा आफूले सम्पन्न गरेको कार्य विवरणको प्रतिवेदन निर्देशक तथा सुपरिवेक्षक समक्ष पेश गर्नुपर्नेछ।

(७) इन्टर्नको काम सन्तोषजनक नरहेमा सुपरिवेक्षकको सिफारिसमा कार्यकारी निर्देशकले जुनसुकै बखत कुनै इन्टर्नको इन्टर्नशिप रद्द गर्न सक्नेछ।

**५. सूचना प्रकाशन एवं दरखास्त सम्बन्धी व्यवस्था :** (१) यस मापदण्ड बमोजिम पदपूर्ति गरिने पदको लागि कम्तिमा १० दिनको म्याद दिई दरखास्त आब्हानको लागि कुनै एक रास्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ। उक्त सूचना प्रतिष्ठान वा मन्त्रालयको वेबसाईट र सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ।

(२) सूचनामा प्रकाशित पदहरुका लागि उमेदवार हुन चाहने योग्यता पुगेको व्यक्तिले तोकिएको म्यादभित्र दरखास्त फारम भरि सोही सुचनामा उल्लेखित स्थानमा बुझाउनुपर्नेछ।

(३) दरखास्त साथ सूचनामा तोकिएका कागजातहरुका अतिरिक्त निम्न लिखित कागजात अनिवार्य रुपले उमेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि एक प्रति।

(ख) शैक्षिक योग्यताको प्रमाणपत्र, लाब्धांक पत्र एवं अध्ययन संस्थानको सिफारिस पत्रको प्रतिलिपि एक-एक प्रति।

(ग) Cover letter (दरखास्त) पेश गर्दा विद्यार्थीले काम गर्न ईच्छाईएको विषय, क्षेत्र, स्थान खुलाउनु पर्नेछ।

(घ) उत्प्रेरणा पत्र (Motivation Letter)।

(४) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार प्राप्त दरखास्त छानविन गर्दा रित पुगेको र सुचनामा उल्लेखित योग्यताहरु पुरा भएको दरखास्त मात्र स्वीकृत हुनेछ।

(५) प्राप्त दरखास्तका आधारमा प्रतिष्ठानले अन्तरवार्ता तथा प्रस्तुतिकरण सम्बन्धी सूचना प्रकाशन गर्नेछ। प्रस्तुतिकरणका लागि प्रतिष्ठानले सोही सूचनामा विषयवस्तु तोक्नेछ।

**६. इन्टर्न छनौटका प्रकृया र आधार :**

(१) इन्टर्न छनौटका लागि निम्नानूसारको एक सिफारिस समिति गठन गरिनेछ।

| | |
|---|---|
| कार्यकारी निर्देशक | संयोजक |
| तालुक मन्त्रालयका अधिकृत प्रतिनिधि १ जना | सदस्य |
| गण्डकी प्रदेश भित्रका विज्ञान विषय अध्यापन हुने अध्ययन संस्थानका | |
| प्राध्यापनरत प्रतिनिधि १ जना | सदस्य |
| प्रतिष्ठानका अनुसन्धान शाखा हेर्ने अधिकृत | सदस्य सचिव |

(२) इन्टर्न छनौटका आधार अनुसूची १ बमोजिम हुनेछ। छनौट अन्तर्वाता तथा प्रस्तुतिकरण विधिबाट अनूसूची १ बमोजिमको अंकभार अनूसार गरिनेछ। सोहि आधारमा समितिले मेरिटका आधारमा इन्टर्नहरुको छनौटका लागि वैकल्पिक उमेद्वार समेत सिफारिस गर्नेछ। महिला तथा समावेशी सहभागितालाई प्रोत्साहन गरिनेछ। छनौट समितिको सिफारिसका आधारमा प्रतिष्ठानले इन्टर्न नियुक्त गर्नेछ।

(३) इन्टर्नले कुनै कारणले इन्टर्नशिप छोडेमा वैकल्पिक उमेद्वारलाई इन्टर्न नियुक्त गरिनेछ।

**७. उमेद्वारको शैक्षिक योग्यता :** विज्ञान विषयमा स्नातक अन्तिम वर्षमा अध्ययनरत वा स्नातक तह पुरा गरेको २ वर्ष ननाघेको हुनुपर्दछ।

**८. दरखास्त दस्तुर :** दरखास्त बुझाँउदा कुनै दस्तुर लाग्ने छैन।

**९. सेवा सुविधा र खर्च सम्बन्धी व्यवश्था :** (१) छनौट भएका इन्टर्नसको तलब प्रदेश सरकारका अधिकृतस्तर छैठौं श्रेणीको तलबमानको आधा हुनेछ।

(२) इन्टर्नशिपको क्रममा इन्टर्नले आफ्नो सुरक्षा र साबधानी आफैं गर्नुपर्नेछ, कुनै दुर्घटना वा भवितब्य परेमा प्रतिष्ठान जिम्मेवार हुने छैन ।

(३) इन्टर्नशिपको सिलसिलामा कुनै इन्टर्नले अध्ययन अनुसन्धान वा तथ्याङ्क संकलन वा विश्लेषण गरी लेख रचना प्रकाशन गर्न चाहेमा प्रतिष्ठानको सहमतिमा गर्न सक्नेछ ।

**१०. सम्झौता अबधि र सम्झौता रद्द हुने :** सम्झौता अवधि बढीमा ६ महिनाको हुनेछ। सम्झौता रद्द गर्न चाहेमा दुवै पक्षले कम्तिमा १ महिना अगाडी लिखित सूचना दिनु पर्नेछ ।

**११. विवाद निरुपण गर्ने :** यस निर्देशिकाको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा वा विवाद उत्पन्न भएमा त्यसको निरुपण प्रतिष्ठानबाट हुनेछ । मापदण्डमा भएका कुराको अन्तिम निर्णय तथा व्याख्या गर्ने अधिकार प्रतिष्ठानको हुनेछ ।

**१२. बाधा अड्काउ फुकाउन सक्ने :** यस मापदण्डमा प्रतिष्ठानले आबश्यक परेमा बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१३. संशोधन :** यस मापदण्डमा प्रतिष्ठानले आवश्यक संसोधन गर्न सक्नेछ ।

**१४.** यस मापदण्डमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

## अनुसूची-१
## अन्तरवार्ता मूल्यांकनको आधार

**पुर्णाङ्क : १००**

| क्रं. सं. | विवरण | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | विषयवस्तुको ज्ञान | २० | |
| २ | व्यक्तित्व र आत्मविश्वास | १५ | |
| ३ | सिर्जनशील क्षमता | १५ | |
| ४ | अन्तर्वार्ता | १० | |
| ६ | गण्डकी प्रदेश भित्र स्थायी बसोबास भएको | १० | |
| ७ | प्रस्तुतीकरण | ३० | |
| | **जम्मा** | १०० | |

**नोट :** उत्कृष्ट अंकभार ल्याउने अपाङ्ग, विपन्न तथा पिछडिएका वर्ग र महिला प्रत्यासीलाई प्राथमिकता दिइनेछ ।